# अनिश्चितकालीन बन्दको छब्बीस दिन

# कालेबुङमा लगातार जुलूस र पथसभा



**कालेबुङ १० जुलाई।** कालेबुङ शहर लगायत यसका विभिन्न खण्ड ग्रामिण क्षेत्रहरूमा २६ दिन अघिबाट गोर्खाल्याण्डको मागमा जुलूस र पथसभा, भइरहेको छ। आज पनि कालेबुङको जुलूस यहाँको डम्बरचोकबाट शुरू भएर गगनभेदी नारा लगाउँदै कालेबुङ शहर परिक्रमा गर्दै पुनः डम्बरचोकमा आइ पथसभामा परिणत भयो। आज २६ दिनमा पनि कड़ा घाम, वर्खा झरी केही नभनी समग्र जनता ज्यानको पर्वाह नगरी आन्दोलनमा होमिएका छन्।

चौथो चरण छेड़िएको आन्दोलनमा हालसम्म सातजनाले प्राण गुमाइसकेका छन् भने कैयौं जना आन्दोलनकारीहरू घाइते भएर उपचारधिनमा छन् भने कैयौं जना बंगाल सरकारको कुटनीतिमा पक्रा परेका पनि छन्। छुट्टै राज्य गोर्खाल्याण्डको आन्दोलन शुरू भएपछि पहाड़ अहिले अशान्ति हुन पुगेको छ। अशान्ति बनाउनको श्रेय बंगाल सरकारको दमन नीतिलाई जान्छ। दिनहूँ आगजनी र तोड़फोड़ हुनुमा वर्तमान बंगाल सरकार (तृणमूल कंग्रेस) ले प्रशासनको प्रयोग गर्दै, पार्टीज्ञका कयाडरहरू लगाएर पहाड़मा आन्दोलनलाई विफर तुल्याउने षड़यन्त्र भइरहेको जानकारी पर्यवेक्षकहरू बताउछन्। देशको सर्वोच्च न्यायालय, मानव अधिकारलाई पश्चिम बंगाल सरकारले खुलेआम उल्लघंन गर्दै राष्ट्रिय राजमार्ग दशमा सिक्किमको दुर्गम क्षेत्रगामी वाहनहरू रोकेर तोड़फोड़, लुटपाट गर्दै चालकलाी कुटपिट गरेर राष्ट्रिय राजमार्ग क्षेत्रमा सन्त्रास फैलाउने कार्यको घोर निन्दा जुलूसबाट गगनभेदी नाराद्वारा प्रतिवाद लगाउने कार्य भइरहेको छ। तर यस चौथो चरणको आन्दोलनलाई भने देश-विदेशका गोर्खाहरू सबैले समर्थन जनाइरहेकोले यसपालिको माग वान पोइन्ट एजेण्डा गोर्खाल्याण्ड माग मात्र रहेको छ। यसको निम्ति समन्वय समिति गठन गरि यसले बासम्बर आन्दोलनको रणनीति र यसको रूपरेखामाथि समितिले आफ्नो कार्यगरिरहेको छ।

# अप्पर तोकलाङमा तृणमूल समर्थकहरु गोरामुमोमा सामेल

**मिरिक, १०जुलाई।** छुट्टै राज्य गोर्खाल्याण्ड प्राप्तिको निम्ति सबै राजनीतिक दलहरू आ-आफ्नो दल र झण्डालाई बिर्सेर जन आन्दोलनमा पूर्णरूपमा समर्पित भएको अवस्थामा हिल तृणमूल कंग्रेसका नेतृत्व एवं समर्थकहरू पनि आफ्नो दललाई त्यागेर आन्दोलनमा सामेल हुने क्रम जारी छ। सोही क्रममा सौरेनी समष्टि अधिनस्थ अप्पर तोकलाङ प्रशाखा कमिटीका तृणमूल कंग्रेस समर्थकहरूले आ-आफ्नो पदबाट राजीनामा दिएर गोरामुमोमा सामेल भएका छन्। गोरामुमो, अप्पर टोकलाङ शाखाको सभा आरएस देवानको सभापतित्वमा भयो। यसै सभामा तृणमूल कंग्रेसका कर्मठ सदस्यहरू डीबी चुवान, अजय चुवान, गोविन छेत्री, रविन छेत्री, विमल छेत्री, रामप्रसाद छेत्री, हरिसचन्द्र छेत्री सहित ११ घर-परिवारले पार्टी त्यागी गोरामुमोमा सामेल भए। जातीय अस्तित्वको निम्ति जन आन्दोलनमा सहभागी बन्नका लागि आफूहरू गोरामुमो मा सामेल भएको आरएस देवानले बताए। यसरी नै सौरेनी समष्टिको मिलिकथुङ शाखामा पनि तृणमूल कंग्रेसको कमिटीलाई विघटन गरी सम्पूर्ण पदाधिकारी एवं सदस्यहरूले राजीनामा दिएको उक्त शाखाका ध्रुव प्रधानले जनाएका छन्। तृकंबाट राजीनामा दिनेहरूमा चन्द्रबहादुर विश्व, ध्रुव प्रधान, रितेश तामाङ, आकाश तामाङ, सन्तमणी प्रधान, सन्तबहादुर विश्व, सागर विश्व, अनिल सार्की, राजु राई रहेका छन्। छुट्टै राज्य गोर्खाल्याण्ड प्राप्तिको निम्ति भइरहेको आन्दोलनमा सिपाही भएर लड्ने प्रतिबद्धता लिएर नै आफूहरूले तृकंबाट राजीनामा दिएको उनीहरूले बताए।

# पूर्वमन्त्री गौतम रायविरुद्ध कृषकमुक्तिद्वारा एफआईआर दर्ता

गोलाघाट:: १० जुलाई:: पूर्वमन्त्री तथा बराक उपत्यकाका काङ्ग्रेसी नेता गौतम रायविरुद्ध कृषक मुक्ति सङ्ग्राम समितिले एउटा उजुरी दर्ता गराएको छ। यो उजुरी गाव्तम रायसँगसँगै ९ जना इन्जिनियर र २० जना ठेकदारहरूविरुद्ध पनि दर्ता गराइएको छ। कृषक मुक्तिको गोलाघाट शाखाका जिल्ला सचिव रतन दावरले यो उजुरी दर्ता गराएका हुन्। प्राप्त जानकारीअनुसार यस सङ्गठनले यिनीहरूविरुद्ध सन् २००९-१०मा केन्द्र सरकारद्वारा बोकाखाटको जनस्वास्थ्य अभियान्त्रिकी विभागलाई आवण्टित ७७८.९४ करोड रुपियाँमा व्यापक धाँधलीको अभियोग लगाउँदै यो एफआईआर दर्ता गराएको हो। समितिले भनेको छ कि यस धनको व्यय गरेर ४० प्रतिशत काम पूरा भएको भनी आरटीआई आवेदनमा बताइए पनि वास्तवमा कुनै काम नभएको कुरा समितिले गरेको जाँचमा भेटिएको छ।

# गुवाहाटीमा नक्कली नोट छाप्ने अड्डाको भन्डाफोर

गुवाहाटी:: १० जुलाई:: असम पुलिसको क्राइमब्रान्चले गुवाहाटीमा एउटा अभियान चलाएर नक्कली नोत फेला पार्नुका साथै नक्कली नोट छाप्ने एउट अड्डाको पनि भन्डाफोर गरेको छ। पुलिसले यहाँको एउटा घरबाट १०० र २००० रुपियाँ मूल्यका १८००० रुपियाँका नक्कली नोट फेला पारेको छ। पुलिसले यो अभियान गुवाहाटीको ज्योतिश्रीनगरको हाउस नम्बर-१ मा चलाएको थियो। यस घरबाट नक्कली नोट छाप्न प्रयोग गरिने प्रिन्टिङ मसिन, मसी र ल्यापटपलगायत अन्य सामग्री जफत गरेको छ। यसअघि शनिवारका दिन पुलिसले तीनजना व्यक्तिलाई बरपेटामा ३लाख ४० हजार रुपियाँ बराबरका नक्कली नोटसमेत तीनजना व्यक्तिलाई समातेको थियो। त्यस दिन समातिएका आरोपी परमेश्वर डेका, जितुमनि दास र चित्तरन्जनले नै दिएको बयानको आधारमा आजको यो अभियान चलाइएको थियो। आज पुलिसले अभियान चलाएको यो घर पनि परमेश्वर डेकाको बताइएको छ। यहाँ यो उल्लेख गर्न सकिन्छ कि नोटबन्दीपछि असममा नक्कली नोटहरू फेलापर्ने घटना निकै बढेका छन्। यसै त सरकारले नयाँ नोटहरू जारी गर्दा यिनको नक्कल गर्न नसकिने दावी गरेको थियो, तर पनि धमाधम नक्कली नोट भेटिइरहेका छन्।


VISIT OUR WEBSITE
hamroprajashakti.com
Contact : 9832366113/ 9832684683


# तृणमूल पार्टीका प्रवक्ता प्रवीण गुरुङद्वारा राजीनामा

**कालेबुङ, १०जुलाई।** पहाड़मा जारी अलग राज्यको आन्दोलनबीच तृणमूल पार्टी छोड़नेहरूको संख्या बढ़दै गइरहेको छ। कालेबुङमा तृणमूल पार्टीका प्रवक्ता प्रवीण गुरूङले तृणमूल पार्टीबाट राजीनामा दिएका छन्। वर्तमानमा दार्जीलिङमा भइरहेको आन्दोलनमा आन्दोलनकारीहरूमाथि पुलिसले जुन किसिमको बर्बरतापूर्ण व्यवहार आइरहेको छ त्यसैलाई केन्द्र गरेर आफूले राजीनापत्र पार्टी अध्यक्षलाई पठाएको गुरूङले जनाएका छन्। यसरी नै यहाँको वार्ड नं० १३-बाट पनि तृणमूल कंग्रेसका वार्ड अध्यक्ष सुरज शर्माको नेतृत्वमा १५ घर-परिवारले तृकं त्यागेर अलग राज्यको मागमा भइरहेको आन्दोलनमा सामेल हुने बताएका छन्।

# खरसाङ बीडीओ आगलागी नभएको स्पष्टिकरण

**खरसाङ, १०जुलाई।** खरसाङस्थित बीडीओ कार्यालयमा आइतवार आगलागी भएको समाचारलाई खरसाङका बीडीओ निलांजन मण्डलले गलत बताएका छन्। उनले भने, विभिन्न च्यानलहरू मार्फत आइतवार खरसाङको बीडीओ कार्यालयमा आगलागी भएको समाचार प्रसारण गरिएको थियो। एउटा हिन्दी राष्ट्रिय दैनिकमा पनि उक्त समाचारलाई प्रकाशित गरिएको छ जुन एकदमै गलत हो। यस कार्यालयमा अहिलेसम्म यस्तो केही भएको छैन। उनले समाचार प्रसारण गर्नपूर्व सत्यताको जाँच गर्ने सुझाउ समेत दिएका छन्।

# आन्दोलनलाई अझै प्रभावशाली...

गरे। बातचीतको क्रममा विधायक राईले बंगालको नेतृत्वहरूले प्राण दिन्छौं तर गोर्खाल्याण्ड दिने छैनौ भन्ने जस्ता बयानहरू दिँदै आइरहेको छ उनीहरूको यस्तो बयानहरूले चल्दै गरेको आन्दोलन अझ उग्र भएर गइरहेको बताउँदै सरकारले गोर्खाल्याण्डबारे स्पष्ट गराउन सरकारले जनमत गरोस् भन्ने माग पनि गरियो। एक प्रश्नको जवाफमा विधायक राईले भने, पार्टीले राज्य सरकारसँग दुईस्तरीय बैठकमा नबस्ने निर्णय लिएको छ तर केन्द्र सरकारले बैठकमा बोलाए पार्टीले बैठकमा अंशग्रहण गर्ने अघिबाटै घोषणा गरेको छ तर बैठक केवल गोर्खाल्याण्डमाथि हुनपर्नेछ, अर्को कुरो केन्द्र सरकारले त्रिपक्षीय बैठक बोलाए पार्टीले अंश ग्रहण गर्नेछ तर त्रिपक्षीय बैठक गोर्खाल्याण्डको मुद्दामाथि हुनुपर्नेछ, उनले भने।


NEED LIC HOUSING LOAN CONTACT:
NO : 8348574294
9434445010
NOTE : GOVT EMPLOYEES ONLY


# कर्मचारीहरूले अझैसम्म...

मुख्यमन्त्री चामलिङले भने, जति पनि थाँतीमा रहेका कामहरू आगामी मार्चसम्ममा पूरा गर्नुपर्छ त्यसको सूची वार्ड पञ्चायतले दिनुपर्ने बताए। राज्यको सबै सडक मार्गलाई अलकत्र गरिने त्यसको लागि सरकारले विभागलाई रकम दिई सकेको छ भने यसको रेखदेख गर्ने जिम्मेवारी सम्पूर्ण नागरिकहरूले लिनुपर्छ तर अझैसम्म यो नभएर सरकार एवं मुख्यमन्त्रीलाई मात्र दोष दिने गरेका कारण राज्यको विकास भने जस्तो भएको छैन। आजदेखि व्यक्तिगत स्वार्थमा कुनै पनि अभियन्ताहरूले एस्टिमेट नबनाइदिने अनुरोध गर्दै ३ सय ८९ करोड रुपियाँ कर्पेटिङको काम अनुमोदन गरिएको, पिउने पानीको निम्ति १ सय करोड रुपियाँ, पूलको निम्ति ३ हजार करोड रुपियाँ, विद्युत विभागमा १ सय करोड रुपियाँ अनुमोदन भइसकेको उनले बताए। मुख्यमन्त्रीले गेजिङ सरकारी महाविद्यालयको अवस्थामाथि कुरा उठाउँदै भने, विभाग र ठिकादारको कारण आज विद्यार्थीहरूले समस्य भोगिरहनु परेको छ भने शीघ्र यो काम हुनुपर्छ भने। यसरी नै क्याडोसा खेल मैदान किन बनिएको छैन? भन्ने प्रश्न गर्दै यसको लागि सरकारले पैसा दिएको तर विभागले नबनाएको कारण दुःख व्यक्त गर्दै यस माथि निगरानी राख्ने सुझाउ दिए।

## मुख्यमन्त्री चामलिङको बयान...

कार्कीले राज्यमा अहिले राशन पानीको अभाव रहेको, तर सरकार गम्भीर नदेखिएको आरोप लगाए। एकातिर मुख्यमन्त्रीले गोर्खाल्याण्डको समर्थन गरिरहेका छन् भने अर्कोतिर आन्दोलनका कारण सिक्किमलाई ६० हजार करोड नोक्सानी भएको कुरा गरिरहेकोले मुख्यमन्त्री चामलिङको दोहोरो नीति स्पष्ट रहेको बताए। नवीन कार्कीले भने, दार्जीलिङका विभिन्न स्कूलहरूमा पढ्ने सिक्किमका विद्यार्थी नानीहरुका निम्ति सिक्किमकै विद्यालयहरूमा एसमिसन दिनुपर्ने र उनीहरुको शिक्षा सुचारू राख्नमा सरकारले सहयोग दिनुपर्छ। यसै सन्दर्भमा कार्यवाहक अध्यक्ष एमपी सुब्बाले आन्दोलनका कारण सिक्किमलाई ६० हजार करोड नोक्सानी भएको, ५ हजार वाहन तोड़फोड़ भएको र लगभग ५० जनाले ज्यान गुमाउनु परेको दाबी मुख्यमन्त्रीले गरिरहेका छन् भने यस बारेमा सरकारले श्वेत पत्र जारी सम्पूर्ण विवतरण दिनुपर्ने माग गरे। सुब्बाले भने, यदि वास्तवमै सिक्किमलाई यति नोक्सानी भएको छ भने हामी पनि सरकारलाई साथ दिन्छौ भने तर सरकारले पहिला ६० हजार करोड़को श्वेत पत्र जारी गर्नु पर्ने माग राखे।

IN THE COURT OF THE CIVIL JUDGE, EAST SIKKIM AT GANGTOK
**Money Suit No. 64 of 2016**
**North Eastern Development Co-operation Ltd, Vs Ms. Menuka Das & Another**

**SUMMONS TO DEFENDANT(S)**

To,
Ms. Menuka Das,
Daughter of Lt. Rohit Kumar Das,
Resident of Near Post Office, Ranipool Bazar, East Sikkim.
Proprietor of M/S Blush Parlour, Near Post Office Ranipool.
WHEREAS the above named plaintiff(s) has instituted a suit against you for recovery of Rs 2, 89,569/-
You are hereby summoned to appear before this court on the 16th day of August 2017, at 10 O' Clock in the forenoon to answer the claim, and you are directed to produce on the day all the documents upon which you intend to only in support of your defense.
Take notice that, in default of your appearance on the day above mentioned, the suit will be heard and shall be decided in your absence.
Give under my hand and the seal of the Court on this the 28th day of June 2017.
BY ORDER OF THE COURT

**Peshkar,**
**Court of the Civil Judge,**
**East Sikkim, at Gangtok.**

**उत्तरपूर्वी सिमान्त रेलवे (निर्माण संगठन)**

**(एकल पेकेट प्रणाली)**

निविदा सूचना संख्याः Dy.CE/Con/II/MLG/2017/June/01 मिति 23-06-2017

निम्न कामको निम्ति अनुभवी अनि प्रतिष्ठित ठेकादार।फर्महरुबाट मोहोरबन्द गरिएको खुला निविदा आमन्त्रणा गरिन्छ।

**1(क) निविदा संख्या- Dy.CE/CON/MLG/II/RETS/2017/01**

**कामको नाम**- तेतेलिया-मोयरोबारी( कामारपुर-बोहा-मणिपुर-बाराङबारी-भुरबान्धाऋचारायबाही-मिखिबेटा-बहिबरङ्गाबारी-पटेकीबोरी), 80 किमी(नयाँ लाइन) असममा बीच आवीक्षण अभियान्त्रिकी लगायत ट्राफिक सर्वेक्षण।

**कामको अनुमानित लागत(निविदा मूल्य):** रु.985898.80

**बैना राशी-** रु.19720.00

**कामको पूर्णता अवधी-** 04 महिना

**निविदा दस्तावेजको लागत-** रु.2,000

**निविदा बुझाउने मिति अनि समय-** 06-07-2017 देखि 28-07-2017 को 02.30 बजेसम्म

**निविदा खुलाको मिति अनि समय-** उप-मुख्य अभियन्ता / निर्माण-3 /उत्तरपूर्वी सिमान्त रेलवे /मालिगाउँ, गुवाहाटी-781011 को कार्यालयमा 28-07-2017 को 03:30 बजे।

**निविदा दस्तावेज प्राप्त गरिने कार्यालयहरु-** www.ireps.gov.in मा ई-निविदाको पूर्णजानकारी अनि निविदा दस्तावेज उपलब्ध हुनेछ। निविदाकर्ताहरुलाई वैबसाइटमा मात्र बोली बुझाउन आवश्यक छ।

निविदा सूचनाको पूर्ण विवरण उत्तरपूर्वी सिमान्त रेलवे(निर्माण) को वैबसाइट www.nfrlyconstruction.org मा हेर्न सकिन्छ।

**उप-मुख्य अभियन्ता निर्माण-2**
**उत्तरपूर्वी सिमान्त रेलवे, मालिगाउँ**

**'भारतीय रेलवेको उभरिंदो व्यवसायमा भागीदार बनौं'**


B.ED/D.ED/M.ED
*Affordable fees with installment facilities.* From UGC & NCTE Approved Government University, West Bengal. *DON'T TRAVEL LONG ROUTE FOR B.ED&D.ED.COLLEGE IS NEAREST FROM GANGTOK.* All Methods: Science/ Arts/Commerce/ Hindi/Sanskrit/Arabic/Computer Science. *Free Study materials, Help & Services will be provide to students at Campus.*
ADMISSION OPEN
MBBS/ GNM/ B.SC/M.SC Nursing, P.B.Sc Nursing, B.SC/M.SC Horti, Forestry, Agri, Fishery, Agronomy, CBZ, BPT/MPT/BMLT/MLT/MBA/PGDM/ Medical Microbiology, Microbiology, Bio-Chem, Food Technology from best reputed college in India with Safe-Secure, strict & Good Hostel for both.
Contact: 9609877260
Future Solution Consultancy, 5th mile Tadong,Gangtok

GYAN JYOTI
GANGTOK, NAMCHI & SILIGURI
ADMISSION & COUNSELLING CENTRE
DIRECT ADMISSION... NO DONATION
MBBS IN NEPAL, CHINA, RUSSIA
BDS, BPT, NURSING, ENGINEERING
PHARMACY, FORESTRY, AGRICULTURE, MLT, LAW, TOURISM
Integrated (B.Sc+B.Ed), , HOTEL MANAGEMENT
BBA, BCA, BCOM, MBA, MCOM, M.Sc
Kolkata, Delhi, Dehradun, Bangalore, Himachal, Chennai, Pune
All Colleges Are Recognized By HRDO, Govt. of India
We Take Responsibility till Course Completion
100% SCHOLARSHIP
CALL 9832041711/9775707561 | www.gyanjyotionline.com

ULTRA MODERN ADVANCE IVF
Test Tube Baby Centre ICSI IUI available for all women's problems
FAMILY CLINIC
Dr. Kavita Mantry
INFERTILITY SPECIALIST
(Gold Medalist) MD, DNB MRCOG (I), London.
Metro Height, 3rd Floor, Don Bosco More, Siliguri.
Ph: 0353-2545544 / 9800983790 / 8372801570

समस्या छ भने समाधान पनि छ
पामस्ट्री, हस्तरेखा एउटा भाषा हो जो हातमा बोलिन्छ। ईश्वरले मनुष्यको हातमा रेखाहरू यसकारण बनाए ताकि उसले आफ्नो भाग्यको बारेमा जान्न सकोस्। ईश्वरले तपाईको भाग्यमा के लेखेको छ? तपाईको हातको रेखाहरूले के भनिरहेछ जान्नुहोस् आफ्नो भाग्यको विषयमा पूरा जानकारी। 25 वर्षभन्दा अधिक समयदेखि अनुभवी हस्तरेखामा आधारित सफ्टवेयर बनाउने अनि हस्तरेखामा पुस्तक लेख्ने प्रवीण भाई शास्त्रीजीबाट।
Power of Jems and Rudraksha
Opp. Bata Show Room
M.G. Marg, Gangtok - 737101, Sikkim
Contact : 7076223236
नर सेवा नारायण सेवा
- निःशुल्क छाला रोगको दवाई
- निःशुल्क पाइल्स रोगको दवाई
- निःशुल्क पीलिया रोगको दवाई
- निःशुल्क पिरामिड मेडिटेशन

जमीन बिक्रीमा छ
झट्टै सम्पर्क गर्नुहोस्। ट्याङ्कीलाखा, पाकिम, एयर पोर्ट नजिक, पानी अनि बाटोको राम्रो सुविधा भएको ८ ऐकर जमीन झट्टै बिक्रीमा छ। इच्छुक महानुभावहरूले निम्न नम्बरमा चाँड़ै सम्पर्क गर्नुहोस्।
सम्पर्कः 7318727434

COACHING FOR SPSC EXAM
Assistant Electrical Engineer (21 post) and LDC (100 post)
Highly Experienced Faculty
Attend trial classes and Join
Providing All Study Materials for Registered Students in UDISHA only.
Admission going on
D.EL.ED / B.ED / M.ED / MBBS /
MD / B.Tch / B.Arch / GNM, BSC NURSING and all PARA MEDICAL COURSES
Contact at:
UDISHA Since 2007
PNG School Road, Gangtok
Call: 9434137448 / 9083289834


नोट : पाठकहरूलाई यो सूचित गरिन्छ कि यस समाचार पत्रमा प्रकाशित कुनै पनि विज्ञापनहरूलाई स्वीकार गर्नु अघि यसको सत्यतालाई जाँच गर्नुपर्नेछ। कुनै प्रकारको धोखा, हानी भएमा त्यसको जवाफदेही यो समाचार पत्र अथवा प्रकाशक हुनेछैन। -सम्पादक